**ठूली भेरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जुफाल, डोल्पा**
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः १** **संख्याः १** **मितिः २०८१ फागुन २९ गते**

**भाग–१**

## ठूली भेरी नगरपालिका

स्थानिय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

नगरसभाबाट पारित मितिः २०८१/११/२८

## ठूलीभेरी नगरपालिका सडक व्यवस्थापन ऐन, २०८१

संवत् २०८१ सालको ऐन नं. १

ठूलीभेरी नगरपालिका क्षेत्र भित्रका सडकको मापदण्ड निर्धारण र कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** ठूलीभेरी नगरपालिका क्षेत्रभित्र रहेका सडक र नयाँ बन्ने सडको मापदण्ड निर्धारण गरी मापदण्ड निर्धारण गरिए बमोजिमको सडक खण्ड विस्तार गरी सडकलाई सहज आवागमन योग्य बनाउने, सडक एवम् जलाधार क्षेत्र वरिपरि हुने निजी तथा सार्वजनिक पूर्वाधार निर्माणलाई व्यवस्थित बनाउने, सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति गर्ने विधि बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम ठूली भेरी नगरपालिकाको तेह्रौं नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'ठूलीभेरी नगरपालिका सडक व्यवस्थापन ऐन, २०८१' रहेको छ ।

(२) यो ऐन ठूलीभेरी नगरपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुने छ- ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) 'अन्तर जिल्ला र अन्तर पालिका सडक' भन्नाले नगरपालिका क्षेत्रले डोल्पा जिल्ला बाहेकका अन्य जिल्ला जोड्ने सडक तथा नगरपालिका क्षेत्रले अन्य गाउँपालिका वा नगरपालिकालाई जोड्ने सडक सम्झनु पर्छ ।

(ख) 'कार्यपालिका' भन्नाले ठूलीभेरी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) 'कृषि सडक' भन्नाले नगरपालिका क्षेत्रभित्र रहेका मुख्य मुख्य कृषि उत्पादन हुने क्षेत्रबाट नगर सडक र सहरी सडकसम्म जोड्ने फुटपाथ सहित कम्तिमा छ मिटरसम्म चौडाई भएका सडक सम्झनु पर्छ ।

(घ) 'मुख्य मुख्य कृषि उत्पादन क्षेत्र भन्नाले' भन्नाले नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी मुख्य मुख्य कृषि उत्पादन क्षेत्र भनि तोकेको नगरपालिका भित्रको क्षेत्र सम्झनु पर्छ ।

(ङ) 'खोला तथा खोल्सा' भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षा याममा पानी बग्ने स्थानलाई सम्झनु पर्छ ।

(च) 'गोरेटो बाटो' भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको तर नक्सामा नभएका गोरेटो बाटो समेतलाई सम्झनु पर्छ ।

(छ) 'ग्रामिण सडक' भन्नाले नगरपालिका क्षेत्रभित्र रहेका फुटपाथ सहित कम्तिमा चार मिटरसम्म चौडाई भएका वडास्तरिय सडक, टोलस्तरिय सडक, सहायक सडक सम्झनु पर्छ र सो सब्दले गोरेटो बाटो समेतलाई जनाउँछ ।

(ज) 'जग्गा' भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, ईमारत, रुख इत्यादी र सोसंग स्थाई रुपले जोडिएको चिज वस्तुलाई समेत जनाउँछ ।





ठूलीभेरी नगरपालिका सडक व्यवस्थापन ऐन, २०८१

(झ) 'टोलस्तरीय सडक' भन्नाले नगर सडक वा सहरी सडक वा वाडास्तरिय सडकबाट टोललाई जोड्ने वा एक टोलले अर्को टोललाई जोड्ने फुटपाथ सहित कम्तिमा चार मिटरसम्म चौडाई भएका सडक सम्झनु पर्छ ।

(ञ) 'धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक' भन्नाले मूल सडकदेखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुँच मार्गलाई सम्झनु पर्छ ।

(ट) 'नगरपालिका' भन्नाले ठूली भेरी नगरपालिकालाई सम्झनु पर्छ ।

(ठ) 'नगर (स्थानीय) सडक' भन्नाले नगरपालिका क्षेत्रभित्र रहको नगरपालिका क्षेत्रले अर्को पालिका वा अर्को जिल्लासमेतलाई जोड्ने फुटपाथ सहित कम्तिमा दश मिटरसम्म चौडाई भएको सडक सम्झनु र सो शब्दले नगरपालिका क्षेत्रभित्र पर्ने राष्ट्रिय सडक र प्रादेशिक सडक समेतलाई जनाउँछ ।

(ड) 'निजि हकभोगको जग्गा' भन्नाले सार्वजनिक, सरकारी, सामुदायिक वाहेको कुनै व्यक्ति वा संस्थाको निजि हकभोगमा भएको जग्गा सम्झनु पर्छ ।

(ढ) 'पालिका' भन्नाले गाउँपालिका, नगरपालिका, उप महानगरपालिका, र महानगरपालिका सम्झनु पर्छ ।

(ण) 'प्रमुख' भन्नाले ठुलीभेरी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(त) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले ठूलीभेरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(थ) 'प्राकृतिक स्रोत' भन्नाले पानी, ढुङ्गा, बालुवा, वन जंगल जस्ता प्रकृतिले दिएको स्रोतलाई सम्झनु पर्छ ।

(द) 'प्रादेशिक सडक' भन्नाले नगरपालिका क्षेत्र भित्र निर्माण भएको वा हुने प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ ।

(ध) 'फासला' (Set Back) भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनु पर्छ ।

(न) 'राजकुलो तथा कुलो' भन्नाले नक्सामा भएको वा परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनु पर्छ ।

(प) 'राष्ट्रिय राजमार्ग' भन्नाले नगरपालिका क्षेत्रभित्र जोडिएका र जोडिने नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ ।

(फ) 'वडास्तरीय सडक' भन्नाले वडा क्षेत्रभित्र रहेका नगर सडक वा सहरी सडकबाट वडालाई जोड्ने वा एक वडाले अर्को वडालाई जोड्ने फुटपाथ सहित कम्तिमा चार मिटरसम्म चौडाई भएका सडक सम्झनु पर्छ।

(ब) 'सडक' भन्नाले नगरपालिका क्षेत्रभित्र रहेको कसैको निजी भोगचलनमा नरहेको कुनैपनि प्रकारका सवारी साधन, मानिस र पशुवस्तु आवतजावत गर्नसक्ने कुनैपनि नाम जनिएको वा नजनिएको सडक बाटो र गोरेटो बाटो सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकबाटो र गोरेटो बाटोमा पर्ने सबै किसिमका पुल, कलभर्ट, टुईन, काठेपुल, बेलिब्रिज र फुटपाथ समेतलाई जनाउँछ।

(भ) 'सहरी सडक' भन्नाले नगरपालिका क्षेत्र भित्रका दुनै, जुफाल लगायत बजार क्षेत्रभित्रका फुटपाथ सहित कम्तिमा छ मिटरसम्म चौडाई भएका सडक सम्झनु पर्छ र यो शब्दले नगर कार्यपालिकाद्वारा चार किल्ला तोकी सहरी सडक नामकरण गरी तोकेका सडक समेतलाई सम्झनु पर्छ।

(म) 'सडक सिमा' भन्नाले नगर सडकको लम्बाई, चौडाई, फुटपाथ र फासल समेतलाई सम्झनु पर्छ।

(य) 'सडकको क्षेत्राधिकार' भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनु पर्छ।

(र) 'सडकको केन्द्रविन्दु' भन्नाले सडक क्षेत्रको दायाँ वायाँ बराबर हुनेगरी नापजाँच गएिको सडक क्षेत्रको बिचको भूभागलाई सम्झनु पर्छ।

(ल) 'सहायक सडक' भन्नाले नगर सडक वा सहरी सडक वा टोलस्तरिय बस्तीसम्म जाने एक किलो मिटरसम्म लम्बाई र फुटपाथ सहित कम्तिमा चार मिटरसम्म चौडाई भएका सडक सम्झनु पर्छ।

## परिच्छेद-२

## सडक क्षेत्रको वर्गीकरण, मापदण्ड, क्षेत्राधिकार, फुटपाथ र फासला

३. **स्थानीय सडको वर्गिकरण र न्युनतम मापदण्डः** (१) नगरपालिका (स्थानीय) स्तरको सडकको वर्गिकरण र न्युनतम चौडाई देहाय बमोजिको हुनेछ।

(क) नगर स्तरीय सडकको क्षेत्राधिकार (ROW) फुटपाथ सहित कम्तिमा दश मिटर चौडाई हुनेछ।







(ख) सहरी सडकको क्षेत्राधिकार (ROW) फुटपाथ सहित कम्तिमा छ मिटर चौडाई हुनेछ।

(ग) वडास्तरीय सडकको क्षेत्राधिकार (ROW) फुटपाथ सहित कम्तिमा चार मिटर चौडाई हुनेछ।

(घ) टोलस्तरीय सडकको क्षेत्राधिकार (ROW) फुटपाथ सहित कम्तिमा चार मिटर चौडाई हुनेछ।

(ङ) कृषि सडकको क्षेत्राधिकार (ROW) फुटपाथ सहित कम्तिमा छ मीटर चौडाई हुनेछ।

(च) सहायक सडकको क्षेत्राधिकार (ROW) फुटपाथ सहित कम्तिमा चार मीटर चौडाई हुनेछ।

(छ) गोरेटो बाटोको क्षेत्राधिकार कम्तिमा एक मीटर चौडाई हुनेछ।

(२) उपदफा (१) बमोजिम वर्गिकरण गरिएका सडक खण्डहरुको क्षेत्राधिकार र न्युनतम चौडाई अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिमका सडक खण्डको कुनै सडक खण्डमा राष्ट्रिय वा प्रादेशिक सडक खण्ड पर्न गएमा राष्ट्रिय वा प्रादेशिक सडक खण्ड परेको सडकको मापदण्ड संघिय र प्रादेशिक कानुन बमोजिम हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनी उपदफा (२) बमोजिमका सडक खण्डको कुनै सडक खण्डमा राष्ट्रिय वा प्रादेशिक सडक खण्ड पर्न गई संघिय र प्रादेशिक कानुनको मापदण्ड बमोजिम चौडाई भएको सडक खण्ड निर्माण वा विस्तार वा स्तरउन्नति गर्दा नगरपालिका क्षेत्रभित्रका सहरी लगायतका क्षेत्रको ठुलो भू-भाग मासिने वा भू-भाग नै नरहने वा ठुलोमात्रामा घर वस्तिहरु भत्काउनुपर्ने वा पहिरो जाने आदी अवस्था आएमा सम्बन्धित संघिय वा प्रादेशिक निकायसँग परामर्श गरी नगरपालिकाले नगरपालिका क्षेत्रभित्र उपदफा (२) बमोजिमका सडक खण्डमा परेका राष्ट्रिय वा प्रादेशिक सडक खण्डको संघिय र प्रादेशिक कानुन बमोजिमको सडकको चौडाईको मापदण्ड घटाउँन सक्नेछ।

तर, उपदफा (४) बमोजिम राष्ट्रिय र प्रादेशिक कानुनको चौडाईको मापदण्ड घटाउँदा मुल सडकखण्ड पर्ने सडकको चौडाई फुटपाथ सहित कम्तिमा दश मिटर भन्दा कम हुने गरी घटाउँन सकिने छैन।

(५) यो ऐन बमोजिम जुनसुकै वर्गिकरणमा परेको सडकको घुम्तीमा थप चालिस प्रतिशत चौडाई वृद्धि गर्नु पर्नेछ ।

**४. सडकको फुटपाथः** (१) नगरपालिका स्तरका सडकको दायाँ वायाँको फुटपाथको न्युनतम चौडाई देहाय बमोजिको हुनेछ ।

(क) नगर स्तरीय सडकको फुटपाथ वस्ती भएको स्थानमा दायाँ वायाँ कम्तिमा एक एक मिटर चौडाई र वस्ती नभएको स्थानमा तोकिए बमोजिम हुनेछ हुनेछ ।

(ख) सहरी सडकको फुटपाथ दायाँ वायाँ कम्तिमा एक एक मिटर चौडाइ हुनेछ ।

(ग) वडास्तरीय सडकको फुटपाथ दायाँ वायाँ कम्तिमा दुई दुई फुट चौडाई हुनेछ ।

(घ) टोलस्तरीय सडकको फुटपाथ दायाँ वायाँ कम्तिमा दुई दुई फुट चौडाई हुनेछ ।

(ङ) कृषि सडकको फुटपाथ दायाँ वायाँ कम्तिमा तोकिए बमोजिम चौडाई हुनेछ ।

(च) सहायक सडकको फुटपाथ दायाँ वायाँ कम्तिमा दुई दुई फुट चौडाई हुनेछ ।

(२) दफा ३ को उपदफा (१) बमोजिम वर्गिकरण गरिएका सडक खण्डहरुको फुटपाथको न्युनतम चौडाई अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**५. सडकको फासलाः** (१) सडकको क्षेत्राधिकार देहाए बमोजिम छोड्नु पर्नेछ ।

(ख) नगरस्तरीय सडकको फासला दायाँ बायाँ कम्तिमा एक एक मिटरको हुनेछ ।

(ग) सहरी सडकको फासला दायाँ बायाँ एक एक मिटरको हुनेछ ।

(घ) वडास्तरीय सडकको फासला दायाँ बायाँ एक एक मिटरको हुनेछ ।

(ङ) टोलस्तरीय सडकको फासला दायाँ बायाँ एक एक मिटरको हुनेछ ।

(च) सहायक सडकको फासला दायाँ बायाँ एक एक मिटरको हुनेछ ।

(च) गोरेटो बाटोको फासला दायाँ बायाँ एक एक मिटरको हुनेछ ।

(छ) खोला र खोल्सीको प्राकृतिक बहावबाट पाँच मिटर फासला हुनेछ ।

(ज) राजकुलो तथा कुलोको फासला दायाँ बायाँ एक एक मिटरको हुनेछ ।







(२) दफा ३ को उपदफा (१) बमोजिम वर्गिकरण गरिएका सडक खण्डहरुको फासलको न्युनतम चौडाई अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**६. मापदण्ड निर्धारण गर्नेः** (१) यस ऐनमा व्यवस्था भएको अतिरिक्त नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी समय समयमा आफ्नो क्षेत्रमा निर्माण भएका र निर्माण हुने सडकहरुको वर्गिकरण, नामाकरण, मापदण्ड, क्षेत्राधिकार, फुटपाथ र फासल तोक्न सक्नेछ ।

(२) नगर कार्यपालिकाकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी समय समयमा आफ्नो क्षेत्रमा निर्माण भएका सडकहरुले वहन गर्नसक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकहरुमा त्यसरी तोकिएको वजन र आकारको हदभन्दा बढिको सवारी साधन चलाउन निषेध गर्न सक्नेछ ।

**७. स्वीकृति नलिई सडक तथा सडक आसपासमा संरचना निर्माण गर्न नपाइनेः**

(१) यस ऐनको दफा (३)(४) र (५) बमोजिमका सडक र सडकका अधिकार क्षेत्रभित्र कसैले नगरपालिकाको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गरेमा वा व्यवसाय संञ्चालन गरेमा जुनसुकै बखत त्यस्ता संरचना भत्काउने अधिकार नगरपालिकालाई हुनेछ ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा नगरपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र नगरपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

**८. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने :** (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु तत्काल हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा नगरपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई नगरपालिकाले सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

**९. विकास कर लगाउन सक्ने**: (१) नगरपालिकाले बढिमा एक पटक नगरपालिका भित्रका सडक क्षेत्रको दायाँ र वायाँ क्षेत्रमा रहेका जग्गामा तोकिए बमोजिम विकास कर लागाउन सक्नेछ ।

## परिच्छेद-३
## नगरपालिका क्षेत्रभित्रको सडको विस्तार र जग्गा प्राप्ति सम्बन्धि व्यवस्था

**१०. नगपालिका क्षेत्रभित्रको सडको निर्माण विस्तार र स्तरउन्नती** :

(१) नगपालिका क्षेत्रभित्र यस ऐनको दफा (३) (४) र (५) तथा अनुसूची १ को मापदण्ड बमोजिमका सडकको निर्माण, विस्तार र स्तरउन्नती गर्दा सकेसम्म निजि हकभोगको जग्गा नपर्ने गरी सडकको निर्माण, विस्तार र स्तरउन्नती गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सडकको निर्माण, विस्तार र स्तरउन्नती गर्दा कसैको निजि हकभोगको जग्गा पर्न गएमा निजि हकभोग भएका जग्गा धनिसँग छलफल गरी निजि हकभोग भएका जग्गा धनिको सहमतिमा सडकको केन्द्रविन्दुबाट दायाँ बायाँ बराबर सडकक्षेत्र पर्नेगरी सडको निर्माण, विस्तार र स्तरउन्नती गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सडकको निर्माण, विस्तार र स्तरउन्नती गर्दा कसैको निजि हकभोगको जग्गा पर्न गई उपदफा (२) बमोजिम निजि हकभोग भएका जग्गा धनिसँग छलफल गरी सडको निर्माण विस्तार र स्तरउन्नतीका लागी सहमति जुट्न नसकेमा यस ऐनको दफा (३) (४) र (५) तथा अनुसूची १ भित्र पर्ने सडक खण्डको दायाँ बायाँ क्षेत्र यस ऐन बमोजिम तोकिएको मापदण्ड बमोजिम जग्गा खालि गर्न सम्बन्धित जग्गा धनिहरुका नाउँमा नगरपालिकाले कम्तिमा तिस दिनको म्याद दिई सूचना प्रकाशित गर्नेछ ।

(४) उपदफा (३) बमोजिको म्याद भित्र सम्बन्धित जग्गाधनिहरुले सूचनामा तोकिए बमोजिम मापदण्डको सडक खण्डको दायाँ वायाँ क्षेत्र खालि नगरी अटेर गरी बसेमा नगरपालिकाले सो क्षेत्रमा यस ऐनमा तोकिए बमोजिम मापदण्डको सडकखण्ड खालि गर्नको लागी आवश्यक कारवाही चलाउँनेछ ।





ठूलीभेरी नगरपालिका सडक व्यवस्थापन ऐन, २०८१

(५) उपदफा (४) बमोजिम नगरपालिकाले यस ऐनमा तोकिए बमोजिम मापदण्डको सडकखण्ड खालि गर्नको लागी आवाश्यक कारवाही चलाउँदा सम्बन्धित जग्गाधनि कुनै वा सबैले आफैले जग्गा खालि गर्ने निवेदन दिएमा नगरपालिकाले बढिमा दश दिनको समय तोकी जग्गा खालि गर्न समय दिन सक्नेछ ।

(६) यस ऐन तथा यस दफा बमोजिम निजि हकभोग भित्र पर्ने जग्गामा नगरपालिकाले सडकको निर्माण, विस्तार र स्तरउन्नती गर्नको लागी जग्गा खालि गर्दा र उक्त जग्गामा सडकको निर्माण, विस्तार र स्तरउन्नती गर्दा जग्गाधनिहरुलाई कुनै मुआब्जा दिने छैन ।

## परिच्छेद-४
## कसुर र दण्ड सजाय

**११. कसुर र दण्ड सजाय** : (१) यो ऐन बमोजिमको फासला र नगरपालिकाबाट स्वीकृत नक्साभन्दा फरक पारी तला, छत, भऱ्याङ, धबलेनी, सटर आदि संरचना निर्माण गरेमा त्यस्तो अनधिकृत निर्माण तथा संरचनालाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ। आदेशलाई अटेर गरी नभत्काएको खण्डमा प्रमुखले भत्काई हटाउन लागेको खर्चमा पच्चिस प्रतिशत थप गरी सम्वन्धित व्यक्तिबाट असुल उपर गराउनेछ ।

(२) नगरपालिका भित्रको सडकमा कुनै व्यक्ति वा उपभोक्ता समितिले कुनै संरचना निर्माण गर्दा वा बाटो खोल्दा सडक र खोला, खोल्सी तथा नाला अवरुद्ध हुने गरी काम गर्न पाईने छैन । यस्तो कार्य गरेको पाइएमा प्रमुखले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिनेछ। त्यस्तो आदेशको पालना भएको नपाइएमा प्रमुखले मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउनेछ ।

(३) नगरपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल, सडकको दाँया बाँया कुनै पनि संरचना निर्माण गर्न पाइने छैन। त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ। आदेशलाई अटेर गरी नभत्काएको खण्डमा नगरपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सहित सम्वन्धित व्यक्तिबाट असुल उपर गरिने छ ।

(४) कसैलेपनि नगरपालिका क्षेत्रभित्रको सडकको आवागमनमा कुनैपनि प्रकारको अवरोध गरेमा वा अवरोध हुने कुनैपनि कार्य गरेमा नगरपालिकाले बिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो आवागमनलाई पुन सुचारु गर्न लाग्ने खर्च आवागमन अवरोध गर्नेबाट भराई लिनेछ।

(५) नगरपालिकाले तोकेको क्षेत्रबाहिर पार्किङ गर्नेलाई नगरपालिकाले दुई सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(६) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाइएको पाइएमा नगरपालिकाले एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(७) कसैले प्रेशर हर्न बजाएको पाइएमा नगरपालिकाले पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना गरी प्रेशर हर्न जफत एवम् नष्ट गर्नेछ।

(८) यस दफामा गरेको कार्य र यसको अतिरिक्त कार्य प्रचलित संघिय र प्रदेश कानून बमोजिम सजाय हुने रहेछ भने यसको अतिरिक्त संघिय र प्रदेश कानून बमोजिम सजाय गर्न यो ऐनले कुनै बाधा पारेको मानिने छैन।

## परिच्छेद ४
## विविध

१२. **जथाभावी पार्किङ गर्न, हर्न बजाउन र तीव्र गतिमा सवारी साधन चलाउन नहुने** : (१) नगरपालिका क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक पार्किङ गर्न पाइने छैन।

(२) नयाँ बन्ने व्यावसायिक सपिङ मल तथा होटल आदि व्यवसायीहरुले सडकको क्षेत्राधिकार बाहिर पार्किङ गराउने गरी भूमिगत पार्किङ स्थल वा अन्य पार्किङ स्थलको व्यवस्था गर्नु पर्नेछ।

(३) नगरपालिकाले आवश्यकता हेरी भइरहेका होटल तथा व्यवसायहरुलाई भुइँ तला वा अन्यत्र निजी जग्गामा पार्किङको व्यवस्था मिलाउन आदेश दिन सक्नेछ।

(४) नगरपालिकाले सशुल्क वा निःशुल्क पार्किङ क्षेत्रको व्यवस्था मिलाउन सक्नेछ।

(५) नगरपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन पाइने छैन।

(६) नगरपालिका क्षेत्रभित्र प्रेसर हर्न निषेध गरिएको छ।







(७) नगरपालिका क्षेत्रभित्र तोकिएको गतिभन्दा बढी गतिमा सवारी साधन चलाउन पाइने छैन।

१३. नगरपालिककाले निर्माण गरेका सबै प्रकारका सडकहरु र राष्ट्रिय राजमार्गमा व्यक्ति वा सङ्घ वा संस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यो ऐनमा व्यवस्था भएको फासला बाहेक दायाँबायाँ छज्जा राख्न चाहेमा छज्जा बराबरको थप फासला छोड्नु पर्नेछ।

१४. नगरपालिका क्षेत्रभित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति तथा खोल्सा-खोल्सी, राजकुलो एवं कुलोको संरक्षणका लागि नगरपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ।

१५. नगरपालिका क्षेत्र भित्र रहेका सबै प्रकारका सडक र बाटोलाई नगरपालिकाले प्रचलित कानुन बमोजिम सडक र बाटो कायम गर्नेछ।

१६. **अधिकार प्रत्यायोजन** : यस ऐनमा छुट भएका सडक, गल्ली वा कुलाका सम्वन्धमा कार्यपालिकाले निर्णय गरी क्षेत्राधिकार तथा फासला तोक्न सक्नेछ।

१७. **प्रचलित कानून बमोजिम हुने**: (१) यस ऐनमा लेखिएजति कुरा यसै ऐन बमोजिम हुने र यस ऐनमा लेखिएदेखी बाहेकका कुरा प्रचलित संघिय र प्रदेश कानून बमोजिम हुनेछ।

१८. **बाझिएको हदसम्म अमान्य हुने**: (१) यो ऐनमा लेखिएका कुनै कुरा प्रचलित संघिय र प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्मको यो ऐनको व्यवस्था अमान्य हुनेछ।

१९. **खारेजी र बचाउ** : (१) यो ऐन लागु हुनुभन्दा पहिले यस ऐनसँग सम्बन्धित भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूचि-१
(ऐनको दफा (३),दफा (४) र दफा (५) सँग सम्वन्धित)

**नगरस्तरिय सडकहरु:**

| क.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | सडको चौडाई | सडकको फुटपाथको चैडाई | फासला | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १. | ८, ३ | भेत्तिखोला पारी देखी | मतिपुर, कालागौडा, सुलिगाड, धुपिचौर, लामालोटे, दुनै कालिका मन्दिर, दुनै घारीघर, तिप्लापानि, मेलसरा हपाल्ला दुनै हुदै पाल्चाखोला सम्म | कम्तिमा आठ मिटर | वस्तिमा कम्तिमा एक एक मिटर अन्य स्थानमा तोके बमोजिम | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |
| २. | ७,८ | मतिपुर देखी | जुफाल हुँदै माझफाल सम्म | कम्तिमा आठ मिटर | वस्तिमा कम्तिमा एक एक मिटर अन्य स्थानमा तोके बमोजिम | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |

**नोटः** नगर कार्यापालिकाले नगरपालिका क्षेत्रभित्रको कुनैपनि स्थानको सडकखण्ड क्षेत्रलाई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै वखत नगर स्थरिय सडक र सोको मापदण्ड तोक्न सक्नेछ ।







**सहरी सडकहरु:**

| क.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | सडको चौडाई | सडकको फुटपाथको चैडाई | फासला | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १. | ३, | दुनै कालिका मन्दिर देखी राजा चोक हुदै | तिप्लापानि सम्म | कम्तिमा छ मिटर | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |
| २. | ७,८ | जुफाल सेरा देखी माउनपुथा होटेल हुँदै | जुफाल विमानस्थल सम्म | कम्तिमा छ मिटर | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |
| ३. | | | | | | | |

**नोटः** नगर कार्यापालिकाले नगरपालिका क्षेत्रभित्रको कुनैपनि स्थानको सडकखण्ड क्षेत्रलाई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै बखत सहरी सडक र सोको मापदण्ड तोक्न सक्नेछ ।

## वडास्तरिय सडकहरु:

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | सडको चौडाई | सडकको फुटपाथको चैडाई | फासला | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १. | वडा नं. १ देखी ११ वटै वडा | नगर स्तरिय वा सहरी सडकबाट | वडा नं. १ देखी ११ वटै वडा कार्यालय जोड्ने सडकहरु | कम्तिमा चार मिटर | कम्तिमा दुई दुई फुट | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |
| २. | | मतिपुर, डागिबाडा पारङ्ग हुदै | जुफालसम्म | कम्तिमा चार मिटर | कम्तिमा दुई दुई फुट | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |
| ३. | | दुनै, सुलिगाड, साङ्टी हुँदै | रह परिलासम्म | कम्तिमा चार मिटर | कम्तिमा दुई दुई फुट | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |
| ४. | | दुनै घारीटोल, भदाले हुदै | तिप्ला लोचासम्म | कम्तिमा चार मिटर | कम्तिमा दुई दुई फुट | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |
| ५. | | दुनै भेरी नदी तिप्ता पानि पारी देखी | दुनै भेरी नदी सुलिगाड पारी सम्म | कम्तिमा चार मिटर | कम्तिमा दुई दुई फुट | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |

**नोटः** नगर कार्यापालिकाले नगरपालिका क्षेत्रभित्रको कुनैपनि स्थानको सडकखण्ड क्षेत्रलाई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै वखत वडा स्तरिय सडक र सोको मापदण्ड तोक्न सक्नेछ ।





ठूलीभेरी नगरपालिका सडक व्यवस्थापन ऐन, २०८१

## टोलस्तरिय सडकहरु:

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | सडको चौडाई | सडकको फुटपाथको चैडाई | फासला | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १. | नगरपालिका भित्रका वडा नं. १ देखी ११ वटै वडाका प्रत्येक गाउँ/टोल | नगर स्तरिय वा सहरी सडक वा टोल स्तरिय सडक बाट | नगरपालिका क्षेत्र भित्रका वडा नं. १ देखी ११ वटै वडाका प्रत्येक गाउँ/टोल सम्म पुग्ने सडक | कम्तिमा चार मिटर | कम्तिमा दुई दुई फिट | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |

**नोटः** नगर कार्यापालिकाले नगरपालिका क्षेत्रभित्रको कुनैपनि स्थानको सडकखण्ड क्षेत्रलाई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै वखत टोलस्तरिय सडक र सोको मापदण्ड तोक्न सक्नेछ ।

**सहायक सडकः**

| क.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | सडको चौडाई | सडकको फुटपाथको चैडाई | फासला | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १. | **३ नं. वडा** | दुनै जिल्ला अदालत अगाडी बाट | जिल्ला प्रशासन कार्यालय जिल्ला समन्वय आवास हुदै मुरमुर होटेल निस्कने बाटो | कम्तिमा चार मिटर | कम्तिमा दुई दुई फिट | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |
| २. | **३ नं. वडा** | तिप्लापानि नगरस्तरिय सडक बाट | दुनै बजारको सहरी सडक जोड्ने बाटो | | | | |

**नोटः** नगर कार्यापालिकाले नगरपालिका क्षेत्रभित्रको कुनैपनि स्थानको सडकखण्ड क्षेत्रलाई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै वखत टोलस्तरिय सडक र सोको मापदण्ड तोक्न सक्नेछ ।







**कृषि सडकः**

| क.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | सडको चौडाई | सडकको फुटपाथको चैडाई | फासला | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १. | नगरपालिका भित्रका वडा नं. १ देखी ११ वटै वडाका मुख्य मुख्य कृषि उत्पादन स्थानहरु | नगर स्तरिय वा सहरी सडक वा टोल स्तरिय सडक बाट | नगरपालिका भित्रका वडा नं. १ देखी ११ वटै वडाका मुख्य मुख्य कृषि उत्पादन स्थानहरु | कम्तिमा ६ मिटर | तोकिए ब्मोजिम | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |

**नोटः** नगर कार्यापालिकाले नगरपालिका क्षेत्रभित्रको कुनैपनि स्थानको सडकखण्ड क्षेत्रलाई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै वखत कृषि सडक र सोको मापदण्ड तोक्न सक्नेछ ।

**गोरेटो बाटोः**

| क.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | गोरेटो बाटोको चौडाई | सडकको फुटपाथको चौडाई | फासला | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १. | नगरपालिका भित्रका सम्पुर्ण वडा नं. १ देखी ११ वटै वडाका सबै क्षेत्रहरु | परापुर्व कालदेखि नै नगरपालिकाभित्रका सम्पुर्ण वडा नं. १ देखी ११ वटै वडाका सबै क्षेत्रहरुका प्रत्यक स्थान, घर आदीसम्म पुग्ने नगर स्तरिय सडक वा सहरी सडक वा वडास्तरिय सडक वा टोल स्तरिय सडक वा कृषि सडक वा गोरेटो बाटो बाट देखी | परापुर्व कालदेखि नै नगरपालिकाभित्रका सम्पुर्ण वडा नं. १ देखी ११ वटै वडाका सबै क्षेत्रहरुका प्रत्यक स्थान, घर आदीसम्म पुग्ने नगर स्तरिय सडक वा सहरी सडक वा वडास्तरिय सडक वा टोल स्तरिय सडक वा कृषि सडक वा गोरेटो बाटो सम्म | कम्तिमा एक मिटर | | कम्तिमा एक एक मिटर | कम्तिमा एक एक मिटर |

**नोटः** नगर कार्यापालिकाले नगरपालिका क्षेत्रभित्रको कुनैपनि स्थानको सडकखण्ड क्षेत्रलाई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै वखत गोरेटो बाटो र सोको मापदण्ड तोक्न सक्नेछ ।

**आज्ञाले**
डिल प्रसाद रोकाया
प्रमुख प्रशासकिय अधिकृत